प्रदेश सरकार
उद्योग,कृषि तथा सहकारी मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय
भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, झापा
कोशी प्रदेश, झापा, नेपाल

प.सं. ०८२/८३
च.नं.

मितिः२०८२/०४/२६
ने.स. ११४५ गुंलागा २ सोमबार

**विषयः कार्यक्रम मागका लागि आवेदन पेश गर्ने सम्बन्धी सूचना ।**

यस कार्यालयको लागि आ.व. २०८२/०८३ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार देहायका कार्यक्रम कार्यान्वयनका लागि झापा जिल्लाका पालिका एवं इच्छुक व्यवसायिक पशु तथा मत्स्य फर्म, समूह, समिति, सहकारी तथा कृषकहरुले उल्लेखित कागजातहरु संलग्न गरी तोकिएको ढाँचामा आवेदन पेश गर्नु हुन आव्हान गरिन्छ ।

प्राप्त आवेदनहरुको आधारमा आवश्यकता हेरेर क्षेत्रगत हिसाबले प्राथमिकीकरण गरी पशुपन्छी प्रसार कार्यक्रम सञ्चालन नर्मस, २०७९ बमोजिम कार्यक्रम सञ्चालन गरिनेछ ।

थप जानकारीका लागिः कार्यालयको फोन नं. ०२३-५२३०८७/५२४१६१ वा मोबाइल नं ९८५२६७१३९० मा सम्पर्क गर्नु हुन सूचित गरिन्छ ।

## १. कार्यक्रमको विवरण

| सि.नं. | कार्यक्रमको नाम | इकाई | परिमाण | प्रस्ताव पेश गर्न सक्ने सम्भावित साझेदारहरु | उपलब्ध हुने सेवाहरु | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | व्यवसायिक पशु फार्महरुमा एकीकृत घुम्ती विशेषज्ञ पशु स्वास्थ्य सेवा कार्यक्रम | पटक | ४ | व्यवसायिक पशु फार्म, समूह, सहकारी | स्थलगत परामर्श तथा उपचार सेवा | बाँझोपन, उल्टने समस्या तथा विशेषज्ञ आवश्यक भएकोमा मात्र |
| २ | व्यवसायिक मत्स्य फार्महरुमा स्थलगत मत्स्य उपचार तथा प्राविधिक परामर्श सेवा | पटक | ३ | व्यवसायिक मत्स्य फार्म | मत्स्य पोखरीको पानी जाँच तथा स्थलगत परामर्श सेवा | |
| ३ | पशुपन्छी रोग नियन्त्रण कार्यक्रम (थुनेलो लगायत अन्य संक्रामक रोग) | पटक | ४ | पालिका मार्फत | स्थलगत परामर्श तथा उपचार सेवा | Flash reporting गर्नुपर्ने |
| ४ | मत्स्यपालन सम्बन्धी स्थलगत तालिम | पटक | १ | इच्छुक कृषक, कृषक समूह | स्थलगत तालिम | |

## २. प्रस्ताव साथ संलग्न हुनुपर्ने कागजातहरु

| | |
|---|---|
| १ | रु.१० को हुलाक टिकट टाँस गरिएको तोकिएको ढाँचा बमोजिमको आवेदन पत्र |
| २ | आवेदकको नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि |
| ३ | फर्म दर्ता, नवीकरणका कागजातहरु |
| ४ | स्थायी लेखा नं. र करचुक्ता प्रमाणपत्रको प्रतिलिपि |
| ५ | समूह/सहकारीको हकमा समितिको निर्णय |

२०८२/०४/२५
शितल भट्टराई
कार्यालय प्रमुख